# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०९।०१ गते।

## प्रेस विज्ञप्ति

विषयः **भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धि सम्बन्धी पक्ष राष्ट्रहरुको १० औं सम्मेलनमा नेपालको सहभागिता।**

एट्लाण्टा, संयुक्त राज्य अमेरिका। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंङ्घीय महासन्धि (अनक्याक-UNCAC) को पक्ष राष्ट्रहरुको १० औं सम्मेलन ११-१५ डिसेम्बर २०२३ मा जर्जिया वल्ड कँग्रेस सेन्टर एटलान्टा, अमेरिकामा सम्पन्न भएको छ। प्रत्येक दुई वर्षमा आयोजना हुने यस्तो सम्मेलन सन् २०२१ मा इजिप्टमा सम्पन्न भएको थियो। UNCAC को ९ औं सम्मेलनका अध्यक्ष राष्ट्र इजिप्टले शुरुवात गरेको सेसनमा आयोजक राष्ट्र अमेरिकालाई सर्वसम्मत रुपमा अध्यक्षमा निर्वाचित गरिएपछि सेसनको शुभारम्भ भएको थियो।

उक्त सेसनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले गर्नुभएको थियो। डिसेम्बर १३ को सेसनमा माननीय प्रमुख आयुक्तले नेपालको तर्फबाट सम्बोधन गर्नुभयो। सम्बोधनका क्रममा माननीय प्रमुख आयुक्तले नवनिर्वाचित अध्यक्ष राष्ट्र अमेरिकाका रिचर्ड नेफ्यु (Richard Naphew) लाई बधाई दिनु भयो र सेसनको सफलताको लागि आफ्नो र आफ्ना सदस्यका तर्फबाट समेत शुभकामना व्यक्त गर्नुभयो। सम्बोधनमा माननीय प्रमुख आयुक्तले भ्रष्टाचारको प्रवृत्ति र प्रकृति अन्तरदेशीय भएकोले यसको नियन्त्रणमा पक्ष राष्ट्रहरुको सामूहिक प्रयास र सहकार्य आवश्यक रहेको बताउनुभयो। भ्रष्टाचार नियन्त्रणमा नेपालले एक्स-एन्टे तथा एक्स-पोष्ट उपायहरुको अवलम्बन गरेकाले सफलता हासिल गर्दै गएको र महासन्धिले व्यवस्थित गरेका कानूनी एवम् संस्थागत उपायहरुलाई आफ्ना संयन्त्रहरुमा तादाम्य बनाउँदै गएकाले कार्यान्वयनमा सहज भएको विषय समेत माननीय प्रमुख आयुक्तले उल्लेख गर्नुभएको थियो।

उक्त सेसनमा दश वटा विभिन्न क्षेत्रगत विषयमा पक्ष राष्ट्रहरुबीच छलफल भएको थियो। छलफलमा नेपालको सक्रिय सहभागिता रह्यो। सम्मेलनले संस्थागत विषयहरु (Organizational Matters), महासन्धिका व्यवस्थाहरुको कार्यान्वयनको समीक्षा, प्राविधिक सहयोग, भ्रष्टाचार रोकथाम, Stolen Asset Recovery, अन्तर्राष्ट्रिय सहायता, विशेष सभाका निर्णय कार्यान्वयनको समीक्षा, अन्य विविध विषयहरु, ११औं सेसनमा छलफल हुन सक्ने प्रस्तावित विषय र १० औं सेसनका प्रस्तावहरु पारित गर्ने समेतका विषयमा छलफल गर्दै विभिन्न प्रस्तावहरु पारित गर्ने निर्णय गरिएको थियो।

एट्लाण्टामा सम्पन्न उक्त सेसनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री रामेश्वर दंगाल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) श्री लीलादेवी गड्तौला, संयुक्त राष्ट संघका लागि न्युयोर्क स्थित नेपालको स्थायी नियोग प्रमुख महामहिम लोक बहादुर थापा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप-सचिव (कानून) श्री राजु गुरागाइले भाग लिनु भएको थियो।

आगामी ११ औं सेसनको आयोजना कतारमा हुने गरी १० औं सेसन भव्यताका साथ सम्पन्न भयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल
१५ डिसेम्बर २०२३

नोट: माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राईले नेपालको तर्फबाट गर्नु भएको सम्बोधनको ई-प्रतिलिपि एवम् भिडियो आयोगको वेव साइट:www.ciaa.gov.np मा अपलोड गरिएको छ।